# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ ३१ गते

## बालबालिका लगायत सबैको बाँच्न पाउने अधिकार सुनिश्चित गर ।

रुपन्देही जिल्लाको बेथरीमा भाद्र २९ गते सुरक्षाकर्मी र आन्दोलनरत पक्षबीच दोहोरो झडप हुँदा प्रहरीले चलाएको गोली लागेर चार वर्षीय चन्दनकुमार पटेल र १३ वर्षीया रन्जना क्षेत्री सहित दुई जना बालबालिका तथा विनोदकुमार लाकौल  र राजकुमार बरहीको समेतको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

लुम्बिनी करिडोरका उद्योगबाट लोड भई आएका  ट्रकलाई प्रहरीले स्कटिङ्ग गरेर ल्याउने क्रममा बेथरी चोकमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ता र सुरक्षाकर्मीबीच भएको भीडन्तमा सुरक्षाकर्मीले गोली चलाउँदा चार वर्षिय बालक सहित चार जनाको मृत्यु भएको आयोगको अनुगमनबाट पाइएको छ ।

उक्त घटनाप्रति आयोग दु:ख व्यक्त गर्दै मृतकहरुको बाँच्न पाउने अधिकार हनन् हुन पुगेको आयोगको निष्कर्ष छ । यस घटनाको सम्बन्धमा आयोगको केन्द्रीय कार्यालय र उप-क्षेत्रीय कार्यालय बुटवलबाट गएको अनुगमन टोलीले सोही दिन राती नै भैरहवा अस्पतालमा पुगी घाइतेहरुको अवस्था र घटनाको जानकारी लिएको छ ।

उक्त घटनामा पाँच जना सर्वसाधारण तथा नेपाल प्रहरीका १७ जना र सशस्त्र प्रहरी बलका तीन जना प्रहरी घाइते भएको अनुगमनबाट बुझिएको छ । प्रहरीले गोली चलाउँदा आन्दोलनमा कुनै संलग्नता नभएका अबोध बालक लगायत चार जनाको  मृत्यु हुनुले उनीहरुको बाच्न पाउने अधिकार हनन हुन पुगेको छ ।

घटनालाई नियन्त्रणमा लिने उपायहरुको बारेमा आयोगले पटक, पटक ध्यानाकर्षण गराउँदा समेत सोको पालना नगरी पुनरावृत्ति हुनुले मानव अधिकारको संवेदनशिलताप्रति सुरक्षा निकाय संवेदनशील हुन नसकेको देखिन्छ । साथै हाटबजार लागेको सार्वजनिक स्थलमा प्रहरीको गोलीबाट अबोध बालबालिका समेतको मृत्यु हुनु अत्यन्त दुखद छ । उक्त घटना मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, तथा नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी १९६६, तथा बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ को मर्म र भावना विपरीत छ ।

अत: घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानून बमोजिम कारबाही गर्न तथा मृतकका  परिवारलाई उचित राहत तथा क्षतिपूर्ति प्रदान गर्न, घटनामा घाइते भएका सर्वसाधारण तथा प्रहरीहरुको नि.शुल्क प्रभावकारी उपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै आन्दोलनकारीहरुलाई आन्दोलनका सबै कार्यक्रमहरु शान्तिपूर्ण संचालन गर्न आयोग पुन: आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org